# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
# २०७७
# झापा गाउँपालिका, झापा




## महालेखापरीक्षकको कार्यालय
## काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय
प्रदेश नं. १ र २

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या :२०७६/७७
च.नं. ५३३

मिति: २०७७/३/२८

श्री अध्यक्ष ज्यु,
झापा गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
झापा ।


**विषय : लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० (२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन,२०७५ को दफा २० (३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(विन्दु विष्ट )
नायव महालेखापरीक्षक

## महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एबं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भव स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
प्रदेश नं. १ र २

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या:                                                                 मिति: २०७७।३।२६

च.नं ४७८

श्री अध्यक्ष ज्यू,
झापा गाउँपालिका,
झापा ।

**विषय - लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय**

हामीले झापा गाउँपालिका आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्बन्धित आय व्यय बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय बिबरण तयार गरेको छैन
२. लेखापरीक्षणबाट रु. ९४ लाख २१ हजार बेरुजू देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रु. १५ लाख ६१ हजार, अनियमित रु.३ लाख ३७ हजार र प्रमाण पेश गर्नुपर्ने रु.७५ लाख २४ हजार रहेको छ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।०९।१९ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना ९ यसैसाथ संलग्न छ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व एकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ।

(बिन्दु विष्ट)
नायव महालेखापरीक्षक

# झापा गाउँपालिका
# लेखापरीक्षण प्रतिवेदन
## २०७५।७६

**परिचय -** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्ने झापा गाउँपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउपालीका अर्न्तगत ७ वडा रहेको ३९ सभा सदस्य व.कि.मी.क्षेत्रफल, ९४.१२ जनसंख्या ३४६०१ र १ नं. प्रदेशमा अवस्थित छ ।

१ स्थानीय संचितकोष **-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम झापा गाउँपालीकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०७५।०७६ को समग्र सञ्चित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

### आर्थिक वर्ष २०७५।७६

**सञ्चित कोषको हिसाव २०७५।०७६ आषाढ मसान्त**

| क.स | आय | रकम | रकम | क.स | व्यय | रकम | रकम |
|---|---|---|---|---|---|---|---|
| १ | **शुरु मौज्दात** | | २८९४५८११.१४ | १ | चालु खर्च गाउँपालिका | | ३६४१०१७५.०८ |
| | एन आइ सी एशीया | २८९४५८११.१४ | | २ | पूजीगत खर्च गाउँपालिका | | १०४९३४१५७.८१ |
| | | | | ३ | **प्रकोप व्यवस्थापन कोष** | | ६१६५४७५.०० |
| २ | **राजश्व** | | ६८६०३९२१.०६ | ३ | **अन्य** | | ७२११०७.०८ |
| | | | | ४ | **संघीय सरकार विषयगत कार्यकम** | | ७०६५४२९५.०० |
| | आन्तरीक श्रोत ( राजश्व) | ५९१४५५७.६५ | | | सामाजिक सुरक्षा कार्यकम | ५२२५४८०० | |
| | राजश्व बाडफाड संघ | ६०१२१८७१.५१ | | | स्थानीय पूवाधार विकाश कार्यकम | ४३३२८१४.०० | |
| | राजश्व बाडफाड प्रदेश सवारी | २५६७४९१.९० | | | राष्ट्पती चुरे संरक्षण कार्यकम | १२५००००.०० | |
| | राजश्व बाडफाड प्रदेश मालपोत | | ४००९९२९.३० | | प्रधानमन्त्री रोजगार कार्यकम | १५६७७११.०० | |
| | अन्य | - | | | प्रदेश तथा स्थानीय तह क्षमता विकास | ३०४८७५.०० | |
| ३ | **संघीय सरकार विषयगत कार्यकम** | | ७८०१०४९५.०० | | तराई मधेश समृद्धि कार्यक्रम | १०७४४०९५ | |
| | सामाजिक सुरक्षा कार्यकम | ५४५११००.०० | | ५ | **शर्शत अनुदान** | | १३२७५९१२४.२९ |
| | स्थानीय पूवाधार विकाश कार्यकम | ४३३२८१४.०० | | | प्रदेश शर्शत अनुदान | ७१०८७७४.३६ | |
| | राष्ट्पती चुरे संरक्षण कार्यकम | १२५००००.०० | | | प्रदेश निर्वाचन क्षेत्र कार्यकम | ७६३६०९२.०० | |
| | प्रधानमन्त्री रोजगार कार्यकम | १५६७७११.०० | | ६ | शर्शत अनुदान सघ | ११६८०५२३१.९३ | |
| | प्रदेश तथा स्थानीय तह क्षमता विकास | ३०४८७५ | | ७ | फिर्ता | | २३६२३१०१.७१ |
| | तराई मधेश | १६०४४०९५.०० | | ८ | धरौटी फिर्ता | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | समृद्धि कार्यक्रम | | | | | | १२११०२६.०० |
| ४ | **संघ वितीय हस्तान्तरण** | | २४६२१५००० .०० | | | | |
| | वितीय समानीकरण | ११३५००,००० .०० | | ९ | मर्मत संभार कोष | | ० |
| | शर्शत अनुदान | १३२७१५०००.०० | | १० | **अन्तिम मौज्दात** | | ८०७६०३०५.९० |
| | विषेश अनुदान | - | | | धरौटी खाता | ३६६५४०३.३७ | |
| ६ | **प्रदेश वितीय हस्तान्तरण** | | २५५५८०००.०० | | मर्मत संभार कोष | २८२१७६६.८३ | |
| | वितीय समानीकरण | ३,५५८०००.०० | | | कल्याण कोष खाता | ५५७२९६.०० | |
| | शर्शत अनुदान | १३००००००.०० | | | सचित कोष खाता | ७००३२३१४.७० | |
| | प्रदेश निर्वाचन क्षेत्र कार्यक्रम | ९००००००.०० | | | प्रकोप व्यवस्थापन | ३६८३५२५.०० | |
| | समपुरक अनुदान | - | | ११ | **नारायण कुमार चौलागाइ** | | १७५०००.०० |
| ७ | **अन्य** | | | १३ | सिंह एण्ड ब्रोदर्श कन्स्ट्रसन प्रा.लि | | ९५८०००.०० |
| | जिल्ला समन्वय समितिवाट प्राप्त | ३५००००००.०० | ८६८२२९६.०० | १४ | दीपक कुमार राइ | | २४६२५.०० |
| | मर्मत संभार कोष | ० | | १५ | त्रिभुवन आधारभुत विद्यालय | | ३०००००.०० |
| | प्रकोप व्यवस्थापन | ४३२५०००.०० | | १६ | के एम समता जे.भी | | ५३००००००.०० |
| | सडक वोर्ड | ३०००००.०० | | १७ | सिद्धकाली इन्टरनेशनल विल्डर्स | | १८००००००.०० |
| | कल्याण कोष | ५५७२९६.०० | | | | | |
| ८ | धरौटी आय | | ४३५९९१४.३७ | | | | |
| | **जम्मा** | | **४६४३८५३६६.८७** | | जम्मा | | **४६४३८५३६६.८७** |

<table>
<tr><th>बेरुजू दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजु रकम</th><th></th></tr>
<tr><td></td><td>लेखापरीक्षणको क्रममा असुली - पालिका अन्तरगतको विभिन्न कार्यक्रम सञ्चालन गर्दा वढी भुक्तानी लगायतको देहाय अनुसारको असुली भइ विभिन्न सञ्चित कोष दाखिलाको भौचर पेश छ
<table>
<tr><th>सि.नं</th><th>व्यहोरा</th><th>रकम</th><th>सञ्चित कोष</th></tr>
<tr><td>१</td><td>कर र नम्स र वढी</td><td>२५४७३७</td><td>संघीय</td></tr>
<tr><td>२</td><td>वढी भत्ता</td><td>३४९३५</td><td>स्थानीय</td></tr>
<tr><td>३</td><td>वढी भुक्तानी</td><td>१८३६५</td><td>संघीय</td></tr>
<tr><td></td><td>जम्मा</td><td>६८५१०</td><td></td></tr>
</table></td><td></td><td></td></tr>
<tr><td>१.</td><td>खर्च गर्ने अख्तियारी र कार्यविधि - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकिय अधिकृतले १५ दिन भित्र वडा सचिवलाई कार्यक्रम र वजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७५।७६ को आय व्ययको प्रक्षेपण २०७५ असार २८ मा सभावाट स्वीकृत भएको र स्वीकृत भएको ७ दिन भित्र नै प्रमुख प्रशासकिय अधिकृतलाई खर्च गर्ने अख्तियारी उपलव्ध गरएको छ । खर्च गर्ने आर्थिक कार्यविधि नवनाएको कारण आर्थिक कार्यविधि नियमावली, २०६४ वमोजिम संञ्चालन गर्ने उल्लेख गरेको छ ।</td><td></td><td></td></tr>
</table>

| | | | |
|---|---|---|---|
| २. | **वजेट पेश गर्ने तथा पारित गर्ने -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरी १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्र नै पारीत गर्नुपर्ने व्यवस्था छ । तर गाँउ सभाले चालु आर्थिक वर्षको आय व्ययको अनुमान र आगामी आर्थिक वर्षमा सञ्चालन हुने योजना तथा कार्यक्रम र आय व्ययको अनुमानीत विवरण २०७५ आषाढ १० भित्र सम्पन्न गरेको र २०७५।३।१५मा स्वीकृत गरेको छ । | | |
| ३. | **आन्तरीक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगबाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । गाउँपालिकाले यस किसिमको कार्यविधि वनाएको छैन । जसवाट कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन समस्या परेको स्थिति रहेको छ । आन्तरीक नियन्त्रण सम्वन्धी अन्य व्यहोराहरु देहायमा उल्लेख छ ।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ बमोजिम निर्माण कार्यको बीमा गराउनु पर्ने व्यवस्था छ तर विमा गर्ने परीपाटीको विकास नभएको<br>• कार्यालयको स्थायी लेखा नम्वर नलिएको<br>• प्रत्येक कर्मचारीका पदको कार्य विवरण वनाई लागू गाउँको, (निजामति सेवा ऐन, २०४९ को दफा ५)<br>• प्रत्येक कर्मचारीका पदको कार्य विवरण वनाई लागू गाउँको, (निजामति सेवा ऐन, २०४९ को दफा ५)<br>• उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमको पहिचान, निराकरण गाउँको, (आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ९५)<br>• भुक्तानी भएका सबै विल भरपाईहरुमा भुक्तानी जनाउने छाप नलगाएको, (आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५)<br>• मर्मत अभिलेखको लागि म.ले.प.फा.नं. २ राख्ने गाउँको,<br>जिन्सी निरीक्षण प्रतिवेदन वमोजिम मर्मत तथा लिलाम गर्नुपर्ने भनी उल्लेख भएकोमा सो को कार्यान्वयन नभएको, (आर्थिक कार्यविधि नियमावली २०६४को नियम ५०.३ | | |
| | • कार्यालयले वर्षभरी सम्पादन गरेको कामको वार्षिक आर्थिक कारोवार प्रतिवेदन तयार गाउँको, (आर्थिक कार्यविधि नियमावली, २०६४को नियम ९०.१ अनुसुची १४)<br>• केही योजनाको लागत अनुमान तयार, स्वीकृति, नापी मूल्याङ्कन, ठेक्का विल, कार्य सम्पन्न प्रतिवेदनमा स्वीकृत गरेको मिति उल्लेख गाउँको,<br>• भ्रमण अभिलेख खाता नराखेको, (भ्रमण खर्च नियमावली २०६४ को दफा २१)<br>• भ्रमण प्रतिवेदन तयार गरी पेश गर्ने गरेको नपाईएको,<br>• उपभोक्ता समितिवाट निर्माण सम्वन्धी कार्य गर्दा सार्वजनिक खरीद ऐन तथा खरीद नियमावली वमोजिमको खरीद विधि नअपनाएको, (सार्वजनिक खरीद ऐनको दफा ३.१)<br>• सवै कर्मचारीको स्थायी लेखा नम्वर नलिएको ।<br>आन्तरिक नियन्त्रण व्यवस्थाले नियमितता, मितव्ययिता, पारदर्शिता र सेवा प्रवाहमा असर पर्ने भएकोले उल्लेखित नियमको प्रावधान पालना गरी उपर्युक्त विषयमा सुधार गर्नुपर्दछ । | | |
| ४. | **श्रोत अनुमान तथा वजेट सिमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ वमोजिम गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमानिर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा विषयगत क्षेत्र तथा पूर्वाधार क्षेत्रमा रकम विनियोजन गरी योजना छनौट तथा सोको प्राथमिकीकरण गरी आंशिक रुपमा कार्यान्यनमा ल्याएता पनि ठुला पूर्वाधार क्षेत्रलाई वजेटको प्राथमिकतामा नराखेकोले साना, ठुला, मभौला पूर्वाधार क्षेत्रको विकासमा वजेट व्यवस्थापन गरी आगामी दिनमा कार्यान्वयनमा ल्याउन सकिने छनौट गरीनु पर्दछ । वजेट तथा श्रोतको प्राथमिकता तयार गरी योजना कार्यान्वयनमा ल्याउने तर्फ विशेष ध्यान पुग्नु आवश्यक छ । | | |
| ५. | **अनुमानमा घटी आय -** गाँउपालीकाले पेश गरेको आय व्ययको अनुमानमा आन्तरिक आय तर्फ कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ५० लाख आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७५।७६ मा रु.५९१४५५७६५।०० अर्थात अनुमानको तुलनामा ११८ प्रतिशत वढी आय प्राप्त गरेको छ । आयको अनुमान र वास्तविक प्राप्ती वीच धेरै फरक परेको कारण पहिचान गरी वास्तविक श्रोतको यथार्थता एकिन गरी आय आर्जन गर्ने तर्फ विशेष रुपले ध्यान दिन आवश्यक देखिएको छ । | | |

| | | | |
|---|---|---|---|
| ६. | **आन्तरिक ऋण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६८ बमोजिम गाँउपालिकाले वित्त आयोगको सिफारिसमा सम्वन्धित सभावाट स्वीकृत गरी उत्पादनशिल, रोजगारमुलक, आन्तरिक आयवृद्धि तथा पूँजीगत कार्यका लागि आन्तरिक ऋण लिन सक्ने व्यवस्था छ । यस गाँउपालिकाले यो वर्ष आन्तरिक ऋण लिएको देखिएन । | | |
| ७. | **स्थानीय तथ्यांक र अभिलेख -** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ११ वमोजिम गाँउपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको देखिएन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप सञ्चालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ गाँउपालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | | |
| ८. | **योजनागत लक्ष्य प्रगति-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्लास्तरिय तथा केन्द्रियस्तरिय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण दिएको देखिएन । जसवाट सञ्चालित योजना तथा कार्यक्रमको कार्य सम्पादन र प्रगति सम्वन्धमा एकिन गर्न तथा गाउँपालिकाबाट सञ्चालित कार्यक्रमको उपलब्धी सम्वन्धमा विश्लेषण गर्न सकिएन । नियमावलीले तोके वमोजिमको ढांचामा क्रियाकलापगत परिमाण र खर्च देखिने गरी प्रगति प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ ।यस गाँउपालिकाले योजना खाता मात्र पेश गरेकोले प्रगती विवरण विश्लेषण गर्न सकिएन । | | |
| ९. | **नमुना विद्यालयको वजेट व्यवस्था -** नेपाल सरकारले सरकारी शिक्षाको गुणस्तर वृद्धि गरी देशमा आवश्यक दक्ष जनशक्ति तयार पार्ने लक्ष्य लिइ साविकका २४० निर्वाचन क्षेत्रमा एक एक विद्यालयलाइ नमुना विद्यालय स्थापना गर्न डिल्लीराज माद्यामिक विद्यालयलाइ गुरुयोजना तयार गर्न लगाएको र विद्यालयले गुरुयोजना तयार गरी स्थानीय सरकार मार्फत शिक्षा तथा मानव विकास श्रोत केन्द्रवाट स्वीकृत गराएको देखियो । सो योजनाको लागि कुल लागत रु.६५,३९,४६,४०९।०० रहेकोमा यस वर्ष रु.१,५०,००,०००।०० मात्र वजेट पठाएको देखिन्छ ।यसरी भएको विनियोजनवाट काम पुरा गर्न करीव ४४ वर्ष लाग्ने देखिएकोले सरकारी शिक्षाको गुणस्तर वृद्धि गरी देशमा आवश्यक दक्ष जनशक्ति तयार पार्ने लक्ष्यमा पुग्ने सही मार्ग पहिल्याउन नसकेको हुदा सम्वद्ध सवै पक्षले ध्यान पुरयाउनु पर्दछ । | | |
| १०. | **४८२।२०७६।०३।३१ लक्षित समूह खर्च -** लक्षीत समुहको मागको आधारमा लक्षीत समुहको पूजी निर्माण, सेवा प्रवाहमा गुणस्तरिय सुधार, क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यक्रम र आयोजनामा मात्र रकम विनियोजन र खर्च गर्नुपर्दछ । गाउँपालिकाले ६० देखि ६९वर्षका एकल पुरुषलाइ भत्ता वितरण गरी रु.३२४०००।०० खर्च लेखेको पाईयो । लक्षित समुहको पुंजि निर्माण, क्षमता विकास जस्ता कार्यक्रममा खर्च गर्नु पर्नेमा वितरण मुखि खेलकुद जस्ता कार्यक्रम संञ्चालनमा खर्च भएकोले वजेट सिद्धान्त विपरित खर्च भएको छ । यसरी पुजिगत शिर्षकबाट वितरणमूखि कार्यक्रम सञ्चालन गर्नु कार्यविधिको पालना गरेको देखिएन । यस्तो खर्च रकम अनियमित देखिएको रु. | ३२४००० | |
| ११. | **अतिरिक्त समय भत्ता -** सार्वजनिक खरिद नियमावली र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीतिगत मार्ग दर्शन, २०७५ को सि.नं २६ मा महंगी भत्ता पोशाक भत्ता र स्थानीय भत्ता वाहेक अरु सवै भत्ताहरु खारेज गर्ने उल्लेख छ । गाँउपालिकामा कार्यरत प्रमुख प्रशासकिय अधिकृत लगायत ११ कर्मचारीलाई स्पष्ट कानुनी आधार र कारण वेगर २०७६ जेष्ठ र आषाढ महिनामा जम्मा रु.२,८९,७२७।०० अतिरिक्त समय भत्ता भुक्तानी दिएको छ । यसरी स्पष्ट कानुनी आधार वेगर भुक्तानी दिएकोले यस्तो भत्ता दिने कार्यमा संघीय निति विपरीत पाइयो । | | |
| १२. | **कर्मचारी व्यवस्था -**निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ति व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकामा रहने कर्मचारी दरवन्दी ३३ रहेपनि पदपूर्ति २९ रहेको देखियो भने ४ पद रिक्त रहेका छन । अनावश्यक पद भए खारेज गर्नु पर्नेमा कुनै कारवाही गरेको देखिएन । | | |
| १३. | **एकीकृत विवरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ वमोजिम प्रत्येक आर्थिक वर्ष र आय व्ययको एकिकृत लेखा वनाई पेश गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले तयार गरेको एकिकृत आर्थिक विवरणमा सबै विषयगत क्षेत्रको कारोवार समेटेको छैन । गरिवी निवारण कोषको समूहगत परिचालन प्राप्त गर्नुपर्ने श्रोतलाई र म.स्व.से. कल्याणकोषको हिसावमा खुलासा समेत गाउँको स्थिति छ । थप श्रोत पहिचान गरी कारोवार समेटनु पर्दछ। | | |
| १४. | **वित्तीय जवाफदेहिता पालना -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिंदा वा खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले आम्दानी, खर्च, लेखा र त्यसको जिन्सी, नगद मौज्दात तथा आर्थिक कारोबार सम्बन्धी व्यवस्था र नियम पर्याप्त छन् र तिनीहरुको पालना गरिएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ । गाउँपालिकाले नियम विपरीत कार्यमा रु. ९४२१४८१।०० खर्च गरेकोले नियमावलीको पालना गरेको देखिएन । | | |

| | | | |
|---|---|---|---|
| १५. | **बक्यौता रकम असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तिय अधिकार क्षेत्र अर्न्तगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का वापत वक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ। उठ्नूपर्ने रकमको आयगत लगत तयार गरेको छैन । आय ठेक्का, सम्पत्ति विक्रि, मालपोत, अन्तशुल्क, आय ठेक्का, कर दस्तुरको वडागत लागत तयार गाउँवाट वक्यौता देखिन सक्ने अवस्था रहेन । उठूपर्ने राजस्वको समष्टिगत लगत तयार गरी उठ्नूपर्ने र वास्तविक प्राप्तीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन तथा प्राप्त हुनुपर्ने आयको लेखा हिसाव तयार गर्ने तर्फ विशेष रुपमा ध्यान दिनुपर्दछ। | | |
| १६. | **राजश्व कारोबारको लेखा -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम नियम ९२(१) मा प्रत्येक कार्यालयले राजश्वको लेखा महालेखापरीक्षकको कार्यालयवाट स्वीकृत ढाँचामा राख्नुपर्ने उल्लेख छ। कार्यालयले राजश्व आम्दानी तर्फ म.ले.प.फा.नं. १०८ र २३ नराखेको तथा दैनिक राजश्व असूलीको भौंचर उठाएको देखिएन। नियमावलीको व्यवस्था अनुसार म.ले.प.फा.नं. १०८ र म.ले.प.फा.नं. २३ राखि राजश्व असूली लेखा व्यवस्थित गर्नुपर्दछ । साथै असुली रकम असुल भएको भोलीपल्ट दाखिला गर्नुपर्नेमा वडा कार्यालयले मासिक/त्रैमासिक रुपमा दाखिला गर्ने गरेको देखियो । असुली रकम नियमानुसार समयमै दाखिला गर्नुपर्दछ। आम्दानी जस्तो संवेदनशिल विषयमा गम्भिर भई अनिवार्य रूपमा राख्नुपर्ने दैनीक आम्दानी एवं बैङ्क दाखिला खाताहरूको प्रयोग गरी आन्तरिक आयलाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ। | | |
| १७. | **सम्पत्ति हस्तान्तरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा गाउँपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गाँउपालिकाले वडागत समेत सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार गाउँको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ। | | |
| १८. | **बरबुझारथ -** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा गाउँपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा गाउँपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाँउपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाँउपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाँउपालिकाले एकिन गरी अध्यावधिक गाउँकोले गाँउपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ। एकिकृत विवरण तयार गर्नुपर्दछ। | | |
| १९. | **सञ्चित कोष -** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धि आदेश, २०७४ को दफा ६३ अनुसार गाउँपालिका वा गाउँपालिकाको स्थानीय सञ्चित कोषसंग आवद्ध हुने गरी वडामा एक खर्च खाता रहने तथा चालु आर्थिक वर्षको अन्त्यमा वडाको खर्च खातामा रहेको सवै वाँकी रकम सम्वन्धित स्थानीय तहको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेता पनि साविकका गाउँ विकास समिति र वडाहरुले आर्थिक वर्षको अन्त्यमा वांकि रहेको रकम सञ्चित कोषमा दाखिला गरेको नदेखिएकोले आदेशको पालना गरी उक्त रकम संचित कोषमा दाखिला गर्ने व्यवस्थालाई तत्काल कार्यान्वयनमा ल्याउनुपर्दछ। | | |
| २०. | **स्रोत नक्सांकन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक गाउँपालिका र गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा गाँउपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन। | | |
| २१. | **कन्टिन्जेन्सी खर्च-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसूची १ अनुसार कन्टीन्जेन्सी खर्चको व्यवस्था गरेको छ । मिति २०७०।१।१५ को नेपाल सरकारको निर्णय अनुसार कन्टीन्जेन्सीमध्ये ६०% चालु प्रकृतिको र ४०% पुँजिगत प्रकृतिको खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो आर्थिक वषर्मा कन्टीन्जेन्सी खर्चको लगत राखी गाडी नहुने खर्चमा मात्र कन्टीन्जेन्सीबाट खर्च गर्नुपर्ने व्यवस्था मिलाउनुपर्दछ। | | |

२२.

**शिक्षा सशर्त** - निम्नानुसारको विद्यालयमा पूस्तकालय,सुचना प्रविधि सामाग्री खरीद,विज्ञान प्रयोगशाला,शौचालय निर्माण र ल्याव स्थापना गर्न भनी रु. ५७८००००।००निकासा गरेको छ । तर तोकिए वमोजिमको कार्य भए नभएको,खरीद भएका समानहरु जिन्सी खातामा चढाए नचढाएको,निर्माण कार्य भए नभएको सम्वन्धमा कार्य सम्पन्न प्रतिवेदन लगायतको प्रमाण पेश हुनु पर्ने रु.

५७८००००

| सि.नं | विद्यालयको नाम | काम | रकम |
|---|---|---|---|
| १ | त्रिभुवन आधारभुत विद्यालय | विद्यालय भवन निर्माण | १५३०००० |
| २ | जनता मा.वि. | सुचना प्रविधि | ६५०००० |
| ३ | जनता मा.वि. | वाली विज्ञान ल्याव स्थापना | २६००००० |
| ४ | जनता मा.वि. | फर्निचर | १०००००० |
| | जम्मा | | ७०८०००० |

**सामाजिक सुरक्षा तर्फ**

२३

१८-२०७५/१२/१४ वडा सचिव भवकृष्ण न्यौपाने द्वारा वितरीत सामाजिक सुरक्षा भत्ता मध्ये वडा नं ६ को जेष्ठ नागरिक (अन्य) गोपाल चन्द्र कार्कीको जन्म २००४ साल (सि.नं ५७) र धकरा गणेश ( सि.नं ७३, जन्म १९९६ साल) को सा.सु भत्ता रु ८,०००।– को दरले १६,०००।– बुझिलिएको भर्पाई नभएकोले असूल गर्नु पर्ने देखिएको रु

१६०००

**चालूतर्फ**

२४

**मासिक सुविधा -** प्रदेश नं १ द्वारा जारी गाउँ तथा गाउँ सभाका सदस्यहरुले पाउने सुविधाको सम्वन्धमा व्यबस्था गर्न वनेको ऐन, २०७५ को दफा ३(१) मा पदाधिकारी सुविधा अनुसूची १ वमोजिम हुने उल्लेख छ । अनुसूची १(क) अनुसार वडा समिति सदस्यको मासिक सुविधा भन्नाले टेलिफोन, पत्रपत्रिका, अनुगमन भत्ता र यातायात भत्तालाई वुझिन्छ । सो वापत वडा समिति सदस्यलाई मासिक रु.३,५००। (वैठक भत्ता वाहेक) उपलव्ध गराउने व्यबस्था भएकोमा गाँउपालिकाले मासिक रु.४,५००। (वैठक भत्ता वाहेक) भुक्तानी दिएको पाईयो । कानुन विपरित भुक्तानी भएको उक्त रकम असूल गरी दाखिला गर्नुपर्ने रु..

१८७०००

| पदाधिकारीको नाम | हुनुपर्ने मासिक | दिएको मासिक | मासिक वढी | महिना | वढी भुक्तानी |
|---|---|---|---|---|---|
| वडा सदस्य श्री हरीमाया गदराज कामी | ३५००.०० | ४५००.०० | १०००.०० | ९ | ९०००.०० |
| वडा सदस्य श्री सन्त व.निरौला | ३५००.०० | ४५००.०० | १०००.०० | ९ | ९०००.०० |
| वडा सदस्य श्री कृष्ण प्र.सिंह राजवंशी | ३५००.०० | ४५००.०० | १०००.०० | ९ | ९०००.०० |
| वडा सदस्य श्री कृष्ण प्र.गणेश | ३५००.०० | ४५००.०० | १०००.०० | ९ | ९०००.०० |
| वडा सदस्य श्री मराङ हस्दा सतार | ३५००.०० | ४५००.०० | १०००.०० | ९ | ९०००.०० |
| वडा सदस्य श्री राज कु.काहार | ३५००.०० | ४५००.०० | १०००.०० | ९ | ९०००.०० |
| वडा सदस्य श्री गिरिजादेवी परियार | ३५००.०० | ४५००.०० | १०००.०० | ४ | ४०००.०० |
| वडा सदस्य श्री निजावुदिन मिया | ३५००.०० | ४५००.०० | १०००.०० | ९ | ९०००.०० |
| वडा सदस्य श्री हेम नारायण गणेश | ३५००.०० | ४५००.०० | १०००.०० | ९ | ९०००.०० |
| वडा सदस्य श्री लक्ष्मी कुमारी गणेश | ३५००.०० | ४५००.०० | १०००.०० | ९ | ९०००.०० |
| वडा सदस्य श्री रिता देवी भण्डारी पौडेल | ३५००.०० | ४५००.०० | १०००.०० | ५ | ५०००.०० |
| वडा सदस्य श्री नरेश प्रसाद चौधरी | ३५००.०० | ४५००.०० | १०००.०० | ५ | ५०००.०० |
| वडा सदस्य श्री राम मुखिया | ३५००.०० | ४५००.०० | १०००.०० | ५ | ५०००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| मलाहा | | | | | |
| वडा सदस्य श्री विजय प्रसाद राजवंशी | ३५००.०० | ४५००.०० | १०००.०० | ५ | ५०००.०० |
| वडा सदस्य श्री रत्न प्रसाद दुलाल | ३५००.०० | ४५००.०० | १०००.०० | ५ | ५०००.०० |
| वडा सदस्य श्री हेमा राई | ३५००.०० | ४५००.०० | १०००.०० | ५ | ५०००.०० |
| वडा सदस्य श्री देवकी राजवंशी मण्डल | ३५००.०० | ४५००.०० | १०००.०० | ९ | ९०००.०० |
| वडा सदस्य श्री फुलमाया विश्वकर्मा | ३५००.०० | ४५००.०० | १०००.०० | ९ | ९०००.०० |
| वडा सदस्य श्री कुमार ओली | ३५००.०० | ४५००.०० | १०००.०० | ९ | ९०००.०० |
| वडा सदस्य श्री मोतिखर पोखरेल | ३५००.०० | ४५००.०० | १०००.०० | ९ | ९०००.०० |
| वडा सदस्य श्री फुल कुमारी आंदेम्वे | ३५००.०० | ४५००.०० | १०००.०० | ९ | ९०००.०० |
| वडा सदस्य श्री अम्विका विश्वकर्मा | ३५००.०० | ४५००.०० | १०००.०० | ९ | ९०००.०० |
| वडा सदस्य श्री ईश्वर प्रसाद दाहाल | ३५००.०० | ४५००.०० | १०००.०० | ९ | ९०००.०० |
| वडा सदस्य श्री लोक व.वस्नेत | ३५००.०० | ४५००.०० | १०००.०० | ९ | ९०००.०० |
| **जम्मा :** | | | | | **१८७०००.००** |

| | | | |
|---|---|---|---|
| २५ | **विज्ञापन छुट -** सरकारी विज्ञापन प्रकाशन गरे वापत गोरखापत्र संस्थानले बिल रकममा २५ प्रतिशत र कान्तिपुर, नागरिक, राजधानी, अन्नपूर्ण पोष्ट, हिमालय टाइम्स, आर्थिक कारोवार जस्ता राष्ट्रिय दैनिक प्रकाशनले १५ प्रतिशत छुट दिने व्यवस्था गरेको र उक्त छुटको व्यवस्था प्रकाशन वा एजेन्सी मार्फत कारोवार गर्दा बिल रकममा छुट लिएर मात्र कार्यालयले भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । गाँउपालिकाले नागरीक दैनिक पत्रिकामा पाथिभरा एडभरटाईजिङ्ग प्रा.लि.मार्फत विज्ञापन प्रकाशन गरी मु.अ.कर बाहेक रु.७५,२००। भुक्तानी दिंदा संस्थागत छुट १५ प्रतिशतले लिएको देखिएन । यसरी सस्थागत छुट नलिदा गाँउपालिकालाई थप व्ययभार पारेको देखिएको रु.. | १२७४६ | |
| | **शशर्त अनुदान** | | |
| २६ | **औषधी खरिद -** २८-२०७५।१०।१६, र ७७-२०७६।०३।२२, नियोमेड इन्टरनेशनल नेपालगञ्जको विभिन्न मितिको विलवाट रु.४,५०,०००। होराईजन मेडिसिन सप्लायर्स वुटवलवाट रु.४,९५,०००। र ऐन लाईफ ट्रेडिङ्गवाट रु.३,७०,०००। गरी जम्मा रु.१३,१५,०००। को औषधी तथा उपकरण खरिद गरेकोमा जिन्सी खातामा मुल्य खुलाई आम्दानी वाँधेको पाईएन । विभिन्न स्वास्थ्य संस्थामा औषधी पठाउदा हस्तान्तरण फाराम भरी पठाउनुपर्ने र सम्वन्धित स्वास्थ्य संस्थाले जिन्सी खातामा आम्दानी वाँध्नुपर्नेमा जिन्सी खातामा हस्तान्तरण फाराम नम्वर र दाखिला प्रतिवेदन नम्वर उल्लेख गरेको पाईएन । अतः विभिन्न स्वास्थ्य संस्थालाई पठाएको औषधीको सम्वन्धित स्वास्थ्य संस्थाले जिन्सी खातामा आम्दानी वाँधेको प्रमाण पेश गर्नुपर्ने रु.. | १३१५००० | |
| २७ | **हात्तिपाईले विरुद्धको औषधी -** ५८।२०७५।१२।१८, हात्तिपाईले कार्यक्रम अन्तर्गत स्वास्थ्य संयोजक श्री लक्ष्मण बिश्वकर्माको पेश्की रु.३,८०,०००।०० फछ्यौट गरेको श्रेष्ता परिक्षणमा प्रदेश नः१ प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ३७(५) मा सरकारी निकायवाट कुनै तालिम, सेमिनार, गोष्ठी कार्यशाला आदि सञ्चालन गर्दा सो कार्यको कार्यक्रमको तथा लागत अनुमान तयार गरी अधिकार प्राप्त अधिकारीवाट स्वीकृत गराउनुपर्ने, त्यस्तो स्वीकृत कार्यक्रम अनुरुप सञ्चालित तालिम, सेमिनार, गोष्ठी कार्यशाला आदि सम्पन्न भई सके पछी कार्यक्रम अनुरुप कार्य सम्पन्न भए नभएको र त्यसमा खर्च गरिएका माल सामानको विवरण र वील भरपाई सहितको खर्च देखिने गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यबस्था छ । पालिकाले हात्तिपाईले रोग विरुद्धको आम औषधि सेवन MDA कार्यक्रम सञ्चालन गर्दा लागत अनुमान तयार गाडी कार्यक्रम सञ्चालन गरेको, खर्चको जोडजम्मा गाउँको, खर्चको तेरिज नवनाएको तथा कार्यक्रम सम्पन्न भए पश्चात खर्च देखिने गरी प्रतिवेदन तयारी समेत गरेको पाईएन । खर्च देखिने गरी प्रतिवेदन तयारी नगर्दा वास्तविक खर्च यकिन नहुने हुनाले अनिवार्य रुपमा प्रतिवेदन लिने व्यबस्था गर्नु पर्दछ । | | |
| २७.१ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत स्थानीय तहबाट सञ्चालन गरीने कार्यक्रम हरुको कार्यसञ्चालन मार्गदर्शन, २०७५/७६ मा तराईमा एक स्वास्थ्यकर्मी वरावर दिनको ५० घर परिवारलाई औषधी खुवाउनु पर्ने व्यवस्था छ । स्वास्थ्यकर्मी परिचालन गरी १४० दिनको यातयात र खाजा खर्च वापत रु.९८,०००।०० खर्च लेखेकोमा कति घरधुरी लाई औषधि खुवाएको हो विवरण पेश नभएकोले रु.९८,०००।०० वास्तविक खर्च हो भन्न एकिन भएन । | | |
| २८ | **मूल्य अभिवृद्धि कर भुक्तानी -** मूल्य अभिवृद्धि कर नियमावली, २०५४ (संसोधन २०७६) अनुसार, ६.५ मूल्य अभिवृद्धि कर भुक्तानी गर्ने कार्यालयले सम्वन्धित करदाताको खातामा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । तर कार्यालयले देहाय अनुसारको फर्महरुलाइ रु.१३५७७३५।०० मूल्य अभिवृद्धि कर गाडी कटटा भुक्तानी गरेकोले | | |

सो रकम असुल गरी सघीय सञ्चित कोष दाखीला गर्नुपर्ने रु. — १३५७७३५

| मिति | फर्मको नाम | मुल्य अभिवृद्धि कर | आधा कर |
|---|---|---|---|
| ४१३।२०७६।०३।२० | सिंह एण्ड व्रोदर्श कन्स्ट्रसन प्रा.लि. सडक कालो पत्रे | ५८४५८३ | २९२२९१ |
| ४५५।२०७६।०३।२९ | सिंह एण्ड व्रोदर्श कन्स्ट्रसन प्रा.लि. सडक कालो पत्रे | ४७००५३ | २३५०२६ |
| ४७९।२०७६।०३।३१ | पाथीभरा कंक्रीट इन्डष्ट्रीज प्रा.लि. | २२२४५२ | १११२४१ |
| ४८४।२०७६।०३।३१ | कम्प्युटर सोलुसन कम्प्युटर खरीद | १४२१०२ | ७१०५१ |
| ४९२।२०७६।०३।३१ | जियो रिसर्च ल्याव प्रा.लि. | १०१२३८ | ५०६१९ |
| २।२०७६।०३।०८ | समता कन्स्ट्रसन एण्ड सप्लायर्स | ११९५०१३ | ५९७५०७ |
| | जम्मा | २७१५४७० | १३५७७३५ |

**कृषि/पशु तर्फ**

२९ — ३४- २०७६।३।२३, साना सिंचाई कार्यक्रम अन्तर्गत रु.४,२९,०००।०० मा २२ थान मोटर खरिद गरी कृषकलाई वितरण गरिएको भनेकोमा मोटर वितरणको भरपाई, प्राविधिक मुल्यांकन सहितको कार्यसम्पन्न प्रतिवेदन र अनुगमन प्रतिवेदन पेश नभएको रु.. — ४२९०००

३० — **वित्तीय विवरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गाँउपालिकाको लेखा दोहोरो श्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी आधारमा लेखा राख्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले सो अनुसार लेखा राखेको देखिएन । यसरी तयार गरिएका आर्थिक विवरणले वास्तविक आय र  खर्चको स्थिति देखाउदैन भने शीर्षकगत खर्चको अवस्था समेत मुल्याङ्कन गर्न सकिने स्थिति देखिएन ।

३१ — **उपभोक्ता समिति मार्फत कार्य -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउँदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ ।उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता नजुटाउने साथै कार्यालयबाट गर्ने भुक्तानीमा आनुपातिक कट्टी नगर्ने जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने गरेकोले कानूनले तोके अनुसार  कार्य  गर्ने तर्फ गाउँपालिकाको विषेश ध्यान पुग्नु पर्दछ ।

| सि.नं | आयोजनाको नाम | रकम |
|---|---|---|
| १ | सानोमाइ खोलामा पूल निर्माण | ४२४७८५६ |
| २ | ह्योक्लावारी सडकमा पुल निर्माण | ४९४४३११ |
| | जम्मा | ९१९२१६७ |

३२ — **कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधिउपचार लगायतका सुविधा उपलब्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ ।कोषको व्यवस्था अनुरुप स्थानीय तहले कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । गाँउपालिका अर्न्तगत कार्यरत स्थानीय सेवाका कर्मचारीको लागि सेवा वा पद वाट अलग हुँदा दिनुपर्ने अवकास सुविधाको कल्याण कोष स्थापना गाउँको र यो वर्ष यस्तो दायित्व सिर्जना गरेको छैन । ऐनमा भएको व्यवस्था पालना गरिनुपर्दछ ।

३३ — **प्राकृतिक तथा व्यवसाय कर -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा गाँउपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । गाँउपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा व्यवसायीहरुको लगत राखेको तथा सम्पुर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाईएन । गाँउपालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाईएन । लेखापरीक्षणका क्रममा गाँउपालिकामा अवस्थित व्यवसायीक संस्थाहरुको व्यवसाय दर्ता भएको प्रमाण लेखापरीक्षणार्थ पेश नभएकोले व्यवसाय कर एकिन गर्न सकिएन । गाँउपालिका क्षेत्र भित्रका व्यावसायलाई व्यवसायीको अभिलेख राखि करको दायराभित्र ल्याउनु पर्दछ ।

३४ — **सवारी कर -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ मा गाँउपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ । सम्वन्धित निकायसँग अबिलम्ब समन्वय गरी हरेक वर्ष दर्ता

| | | | |
|---|---|---|---|
| | हुने सवारीको अभिलेख राखि कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ । | | |
| ३५ | **मनोरञ्जन कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७४।७५ मा पालिकाले कूनै पनि कर संकलन गरेको पाईएन । यस पालीकाको क्षेत्रभित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ । | | |
| ३६ | **अनुगमन प्रतिवेदन -** आर्थिक कार्यविधि नियमावली, २०६४ वमोजिम अनुगमन भएका कार्यको प्रतिवेदन पेश गर्नुपर्दछ । गाउँपालिकाका विभिन्न पदाधिकारीहरुवाट विभिन्न समयमा योजना तथा अन्य कार्यक्रम सञ्चालनको संभाव्यता अध्ययन, अनुगमन, निरिक्षण तथा भ्रमण भएकोमा अनुगमन तथा निरिक्षण प्रतिवेदन पेश गर्ने व्यवस्था गर्नु पर्दछ । | | |
| ३७ | **योजना र कार्यान्वयन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागीतामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । तर पालिकाले साना साना योजना छनौट गरेको भएतापनि प्याकेज वनाइ वोलपत्रको माध्यामद्धारा गर्न सकिने सम्भावना हुदाहुदै पटक पटक उपभोक्ता समितिवाट कार्य गराएकोले ठुला योजना छनौटलाई प्राथमिकतामा राखि विकास निर्माणलाइ मितव्ययी,प्रभावकारी र उपलव्धीमुलक वनाउन सम्वद्ध सवै पक्षको गम्भीर ध्यानाकर्षण हुनु पर्ने देखियो । | | |
| ३८ | **गुणस्तर परिक्षण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । योजनामा प्रयोग भएको सामानको गुणस्तर परीक्षण गरेको पाइएन । गुणस्तर परीक्षणको व्यवस्था कार्यान्वयनमा ल्याउनु पर्दछ । | | |
| ३९ | **सभाको निर्णय कार्यान्वयन** - मिति २०७५।०३।१० मा सम्पन्न गाँउपरीषद्बाट पारित कार्यक्रम र कार्यान्वयनको अवस्था को Follow up Register अभिलेख राखेको नदेखिँदा विश्लेषण गर्न सकिएन । | | |
| ४० | **सामाजिक सुरक्षा भत्ता -** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पंस. ०७४।०७५, चं नं. १०६४ मिति ०७५।३।३१ पत्रानुसार शसर्त अनुदानको रकम मध्ये खर्च नभई वाँकी रहेमा संघीय संचित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाको कार्यालयलाई यो वर्ष सामाजिक सुरक्षाको अर्न्तगत कुल रु.५२२५४८००.०० निकासा एवम अनुसार खर्च गरेको पाइयो । सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७२ को परिच्छेद-६ दफा १८ (क) मा केन्द्रिय पञ्जिकरण विभागले भत्ता पाउने लाभग्राहीको सम्पूर्ण विवरण व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टी गराउने र दफा १८(ग) मा उक्त पद्धति लागू भएपछि सबै विवरण सो प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय तहको हुने व्यवस्था गरेको छ । केन्द्रिय पञ्जिकरण विभागले व्यवस्था गरेअनुरुप गाँउपालिकाले लाभग्राहीको विवरण व्यवस्थापन सुचना प्रणालीमा अद्यावधिक गरी बैङ्क मार्फत भत्ता वितरण गरेको देखिएन । | | |
| ४०.१ | जिल्ला समन्वय समितिले तयार गरेको गत आ.व. २०७४/७५ को लगतको आधारमा गाँउपालिकाले आ.व. २०७५/७६ मा सामाजिक सुरक्षा भत्ता वितरण गरेको देखियो । गाउँपालिका सँग आफ्नो अद्यावधिक लगत किताब नभएको तथा व्यवस्थापन सुचना प्रणालीमा विवरण प्रविष्टी गरी लगत अद्यावधिक गाउँको अवस्थामा वितरण गरेको सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीले प्राप्त गरे भन्ने सम्बन्धमा आश्वस्त हुन नसकिने हुँदा गाउँपालिकाले सम्पूर्ण लाभग्राहीको लगत विवरण व्यवस्थापन सुचना प्रणालीमा प्रविष्ट गरी बैङ्क मार्फत मात्र भत्ता वितरण गर्नुपर्दछ । | | |
| ४०.२ | सामाजिक सुरक्षा भत्ता वितरण गर्दा वितरणको भपाईमा परिचय पत्र नं, फोटो राखिनुपर्ने व्यवस्था छ । कार्यालयले सामाजीक सुरक्षा भत्ता वितरण गर्दा वितरणको भर्पाइमा सम्बन्धित लाभग्राहीको परिचय पत्र नं तथा फोटो उल्लेख गाउी वितरण गरेको पाइयो । सम्बन्धित लाभग्राहीको आवश्यक परिचय खुलाई मात्र भत्ता वितरण गरिनु पर्दछ । | | |
| ४१ | **बेरुजू** - पालिकाको अन्तिम प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू रु. १५ लाख ६१ हजार, अनियमित बेरुजू रु. ३ लाख ३७ हजार, प्रमाण कागजात पेश नभएको बेरुजू रु.७५ लाख २४हजार र पेश्की रु.शुन्य देखिएको समेत रु. ९४ लाख २१ हजार बेरुजू कायम भएको छ। | | |
| ४२ | **वितीय जवाफदेहिताको मूल्यांकन -** कार्यालयको व्यवस्थापकीय पक्ष, वितीय व्यवस्थापन पक्ष, सेवाप्रवाह, खरिद व्यवस्थापन र विकास निर्माणको समग्र मूल्यांकन गर्दा कार्यालयले ६२ अंक अर्थात ६२ प्रतिशत ग्रेड (B)प्राप्त गरेको छ । उक्त विषयहरुमा थप सुधार हुनुपर्दछ । | | |
| ४३ | **अनुगमन तथा मूल्याङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्नु व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ। रु.हजारमा | | |
| ४४ | **अद्यावधिक वेरुजू स्थिति -** गाँउपालीकाको आर्थिक वर्ष २०७५।७६सम्मको फछ्र्यौट गर्न वाँकी वेरुजू स्थिति देहाय | | |

| गत वर्षको वेरुजू रकम (रु) (A) | यो वर्ष फछ्र्यौट (B) | वाँकी (C=A-B) |
|---|---|---|
| ९१४५ | ० | ९१४५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | अनुसार रहेको छ । रु.हजारमा | | | | |
| | गत वर्षसम्मको फछ्र्यौट गर्न वाँकी (रु)(C) | यो वर्षको सं.पं बाट कायम वेरुजू रु.(D) | यो वर्षको कायम वेरुजू (रु)(E) | बाँकी (F=C+D+E) | |
| | ९१४५ | ० | ९४२१ | १८५६६ | |

# झापा गाउँपालिका
# स्थानीय तह सञ्चित कोष विवरण
# २०७५।७६

**अनुसूची- १**

**(रु.हजारमा)**

| क. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १. | झापा गा.पा. | झापा | २८९४६ | ११३५०० | १३२७१५ | १८९२२४ | ४३५४३९ | ३६४१० | १०४९३४ | २३३७२३ | ३७५०६७ | ८९३१८ |

# बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
# २०७५।७६

**अनुसूची-२**
**(रु.हजारमा)**

| सि. नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बांकी बेरुजू | | | वांकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | झापा | झापा गा.पा. | ३१ | १४ | ११०८८ | ० | ६ | १६६७ | ३१ | ८ | ९४२१ | १५६१ | ३३६ | ७५२४ | ० | ० | ७८६० | ० | ० | ० |

# अद्यावधिक वेरुजू स्थिति

**अनुसुची ३**
**(रु. हजारमा)**

| क. सं. | स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्र्यौट | बांकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | झापा गाउँपालिका | झापा | ९१४५ | ० | ९१४५ | ० | ९४२१ | १८५६६ |